HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

आदरणीय शेयरधनी महानुभावहरू,

**विषयः विवरण (माइन्यूट)**

महाशय,

मिति २०८१ साल पौष २९ गते सोमबार सम्पन्न भएको यस बैंकको बत्तीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# बत्तीसौं (३२) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभा** :

हिमालयन बैंक लिमिटेडको २०८१ पौष ७ गते बसेको संचालक समितिको ४६४ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको बत्तीसौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान** :

मिति : २०८१ साल पौष २९ गते सोमबार (तदनुसार १३ जनवरी २०२५)

समय : बिहान १०:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम** :

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानून बमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०८१/०९/०८ र आर्थिक अभियान दैनिकमा मिति २०८१/०९/०९ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो तथा बैंकको केन्द्रीय कार्यालयबाट समेत प्रदान गरिएको थियो ।

**४. छलफलको विषय-सूची** :

क) <u>सामान्य प्रस्ताव</u>

१) बत्तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्यूरिटज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्न,

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम श्रीमती जेसमीन हाडा बज्राचार्यलाई बैंकको संचालक समितिको ४६२ औँ बैठकले मिति २०८१।०८।२७ गते देखि लागु हुने गरी ४ (चार) वर्षको लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको निर्णय जानकारी गराउने,

४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको परिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक CA Ranjeev & Associates पुनः नियुक्त हुन सक्ने),

## ख) विशेष प्रस्ताव

१) गतवर्ष मिति २०८० पौष २९ गते सम्पन्न भएको बैंकको ३१ औं वार्षिक साधारणसभाले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्कासन (Further Public Offering) गर्न, थप सार्वजनिक निष्कासन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरी जारी हुने शेयरको प्रिमियम सहितको मूल्य निर्धारण गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय भएकोमा मिति २०८१ आश्विन २० गते बसेको संचालक समितिको बैंठक नं. ४५९ बाट संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम गर्न शेयर प्रिमियम सहित जम्मा ९२,५०,४६९ कित्ता शेयर थप सार्वजनिक निष्कासन (FPO) गर्ने निर्णय भई सम्बन्धित नियामक निकाय नेपाल राष्ट्र बैंकमा मिति २०८१ साल आश्विन १५ गते निवेदन पेश भई आवश्यक अनुमति प्राप्तिको प्रक्रियमा रहेको तथा सो प्राप्त हुनासाथ धितोपत्र बोर्ड लगायतका अन्य नियामक निकायका स्वीकृति पश्चात उपरोक्त थप सार्वजनिक निष्कासन हुने तथा सो पश्चात बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्तापूँजी कायम गर्न र थप सार्वजनिक निष्कासन भए पश्चात् बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थागत शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने,

२) बैंकले आर्थिक वर्ष २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. १,३०,४०,५३५.१७

(अक्षरेपी एक करोड तीस लाख चालीस हजार पाँच सय पैंतीस रूपैया १७ पैसा मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूचीमा उल्लेख भए बमोजिम) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरूबाट स्वीकृति लिँदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरूले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध,**

## ५. उपस्थिति :

### ५.१. संचालकहरू :

| | |
|---|---|
| १. श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. श्री जितेन्द्र धिताल | संचालक |
| ३. श्री सुनिल बहादुर थापा | संचालक |
| ४. श्री प्रताप जंङ्ग पाण्डे | संचालक |
| ५. श्री आशिष शर्मा | संचालक |
| ६. श्रीमती जेसमिन हाडा बज्राचार्य | संचालक |

### ५.२. प्रतिनिधि :

| | |
|---|---|
| १. श्री ईजाज कादिर गिल | प्रतिनिधि (हविव बैंक लिमिटेडबाट) |

### ५.३. पर्यवेक्षक :

| | |
|---|---|
| १. श्री नविन कुमार भट्टराई | प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री भिम प्रसाद पराजुली | प्रतिनिधि – कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. श्री कुलचन्द्र रिजाल | प्रतिनिधि – नेपाल स्टक एक्स्चेन्ज |

### ५.४. लेखापरीक्षक :

| | |
|---|---|
| १. श्री रन्जिव श्रेष्ठ | प्रतिनिधि, सि ए रन्जिव एण्ड एसोसिएटस चाटर्ड एकाउन्टेन्टस |

### ५.५. बैंक उच्चपदस्थ पदाधिकारीहरू :

| | |
|---|---|
| १. श्री अशोक शम्सेर राणा | प्रमुख कार्यकारी अधिकृत |

२. श्री उज्वल राज राजभण्डारी — नायव प्रमुख कार्यकारी अधिकृत

३. श्री अनुप मास्के — नायव प्रमुख कार्यकारी अधिकृत

४. श्री विपिन हाडा — सहायक प्रमुख कार्यकारी अधिकृत

५. श्री सुनिल प्रसाद गोर्खाली — सहायक प्रमुख कार्यकारी अधिकृत

६. श्री सतिश राज जोशी — सहायक प्रमुख कार्यकारी अधिकृत

७. श्री विजय मान नकर्मी — सहायक प्रमुख कार्यकारी अधिकृत

८. श्रीमती सिसम प्रधानाङ्ग जोशी — सहायक प्रमुख कार्यकारी अधिकृत

९. श्री जयेन्द्र विक्रम शाह — सहायक प्रमुख कार्यकारी अधिकृत

**५.६. शेयरधनीहरूको उपस्थिति तथा गणपुरक संख्या :**

३२ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको संख्या तथा साधारण सभामा भएको शेयरधनीको प्रतिनिधित्वको विवरणः

| विवरण | कुल शेयर संख्या | ३२ औं वार्षिक साधारण सभामा उपस्थिति | | |
|---|---|---|---|---|
| | | शेयर संख्या | सभामा कुल शेयरको प्रतिनिधित्व | शेयर धनीहरुको उपस्थित संख्या |
| **संस्थापक समुह** (७२.९९%) | १५,८०,६९,९०१ | १२,७०,४८,११८ | ५८.६६% | २१ |
| **सर्वसाधारण समुह** (२७.०१%) | ५,८४,९६,२५६ | १७,४४,२६९ | ०.८०% | १,६३२ |
| **कुल** | **२१,६५,६६,१५७** | **१२,८७,९२,३८७** | **५९.४६%** | **१६५३** |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६) सभाको वैधानिकता र अध्यक्षताः

साधारण सभा शुरू हुनु अघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानून अनुसार ३२ औं साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिंदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

## ७) सभा संचालन :

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभा तथा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले सबैको स्वागत गर्नु हुँदै बत्तीसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । सो सभामा उपस्थित बैंकका अध्यक्षज्यू, संचालक समितिका सबै सदस्यज्यूहरू, बैंकका प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका उच्चपदस्थ तथा अन्य कर्मचारीहरू र शेयरधनी महानुभावहरूलाई सम्बोधन गर्दै निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

**सर्वसाधारण शेयरधनीहरु**

१) श्री अङ्ग राज भारती

२) श्री सृजना तिमिल्सिना

३) श्री चन्द्र नारायण श्रेष्ठ

## ८) शेयरधनीहरूबाट व्यक्त जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

### ८.१ श्री अङ्ग राज भारती

धन्यवाद माइक दिने साथी र अध्यक्षज्यूलाई नाम घोषणा गरिदिनु भयो । सभा अध्यक्षलाई सभाको अध्यक्षता गराएर राष्ट्रिय गान बजाएर सभा शुरू गर्नुभएको भए धेरै राम्रो हुन्थ्यो । २०८० को साधारण सभामा मैले केहि कुरा बोलेको थिए त्यो बोलेको कुरा अहिले सम्म सुनुवाई भएको छैन । त्यहि कुरालाई नै अलिकति निरन्तरता दिदै छु । मैले ९ महिना २१ गते एउटा चिठी अध्यक्षज्यूलाई लेखेको थिए जुन सोही महिनाको २३ गते पुगेको थियो । यसको जवाफ यो सभा पछि लिखित रूपमै दिनु होला । आर्थिक वर्ष २०७५/०७६ र २०७९/०८० देखि उत्पादनशिल क्षेत्र जस्तै कृषिमा, प्रशोधनमा, पोल्ट्रीमा भएको लगानीको हिसाब किताब नमिलेकोले यसलाई विस्तृत रूपमा हेर्न आग्रह गर्दछु । अन्यथा पछि सम्बन्धित निकायले छानविन गर्दा बैंक अप्ठ्यारोमा पर्ने छ । यो बैंकले दिएको सूचनाको आधारमा भनेको छु । बैंकले संस्थागत सुशासनमा विशेष ध्यान दिनु पर्‍यो जसले गर्दा यस्ता कमी कमजोरीहरू हुन पाउँदैन । धन्यवाद । देशको जय होस् ।

### ८.२ श्री सृजना तिमिल्सिना

हिमालयन बैंक हामी शेयरधनीहरूले पनि प्रशंसा गर्न योग्य गर्विलो इतिहास भएको बैंक हो । तर पछिल्लो समय यसको अवस्था खस्किदै गएको हामी स्वंय बताउन बाध्य छौ । आ.व २०६७/०६८ मा ३६ प्रतिशत भन्दा बढी लाभांश शेयरधनीलाई दिएको बैंक हो । ३/४ वर्ष अघि सम्म पनि २६ प्रतिशत सम्म लाभांश दिएको थियो । तर यो पटक समेत गरेर २ वर्ष हात खाली राखेको छ । यसमा पछिल्लो पटकका महामारी वा संकटहरूको केही प्रभाव त पक्कै हो नकार्न सकिन्न तर प्रतिवेदनको अध्ययन गर्ने हो भने पनि कर्जा लगानी र त्यसको असुलीमा ठूलै समस्या छ भन्ने कुरालाई नकार्न सकिन्न । खराब कर्जा बढेर ४.९८ प्रतिशत पुगेको छ । शेयरधनीले अझै पनि

१/२ वर्ष हात खाली नै राख्नु पर्ने अवस्था हो कि भन्ने कुरा पनि हो । कर्जा नोक्सानीको व्यवस्था लगायत अन्य शिर्षकमा रकमान्तर भएको रकम फिर्ता गरी आगामी दिनमा पहिले जस्तै आकर्षक लाभांश दिने कुरामा विश्वस्त गर्न चाहन्छौ त भन्नु भयो तर कसरी भन्ने प्रश्न गर्न चाहन्छु । कर्जा असुलीका रणनीति के छन्, यहाँहरूको short term / long term रणनीति के छन् कसरी उठाउनु हुन्छ ? अर्को अहिले बैंकमा निक्षेपमा वृद्धि भएको छ कर्जा प्रवाह बढे पनि प्रशस्त माग भने देखिएको छैन् । यस तर्फ कसरी अगाडि बढ्दै हुनुहुन्छ ?

अर्को कुरा महत्वपूर्ण छ सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यहरू र संघ संस्थाहरूलाई प्रदान गरिएको र कम्पनी ऐनले निर्धारण गरेको सीमा भन्दा माथि गरेको सहयोग अन्तर्गतका गरिएको खर्च रू. १,३०,४०,५३५.१७ कुल रकम पारित गर्ने विशेष प्रस्ताव आज पारित गर्नको लागि ल्याउनु भएको छ । तर मैले यहाँ सोध्न पनि चाहे र सुझाव पनि दिन चाहन्छु सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्चहरू जुन तँपाईहरू दिर्घकालीन benefit दिने गरी तँपाईहरूलाई रिटर्न आउने गरी किन गर्नु हुन्न ? छरेर गर्नु भन्दा भोलि तँपाईहरूको बैंक संचालन गर्ने गरी एउटा प्रमुख कार्यकारी, उच्च बैंक व्यवस्थापनको एउटा टिम उत्पादन गर्नुहोस् । आफ्नै बैंकको नाम रहने गरी लगानी गर्नुहोस् । किन अरूलाई छरिरहने ? आफ्नो प्रतिवेदनमा उल्लेख गर्न आफ्ना रेकर्डमा राख्नका लागि हिमालयन बैंकले खर्च गरेको छ करोडौ, तर बैंकले जहाँ खर्च गरेको छ, जसले उपभोग गरेका छन् उनीहरूलाई थाहा होला त बैंकको लगानी ? शिक्षा स्वस्थ्य खेलकुद यी क्षेत्रमा बैंकर एसोसियसनमा सबै बैंकका साथ हिमालयन बैंकले Initiation लिएर करोडौ/अरबौ रकम एउटा दिर्घकालीन रिटर्न दिने गरी लगानी गर्नुहोस् । जस्तै मानसिक स्वस्थ्यका क्षेत्रमा अझ विशेष यहाँहरूले पनि लगानी गर्नुहोस्, योगदान गर्नुस्, त्यो भविष्यको लागि पनि राम्रो हो भन्न चाहन्छु ।

अर्को कुरा धेरै मैले राख्न चाहिन किनभने विज्ञहरूका अगाडि हामीले के सुझाव दिनु तर जसरी अहिले मानवीय शैलीमा, विज्ञान प्रविधिले परिवर्तन ल्याएको छ । बदलिएको परिस्थिति अनुसार व्यावसायिक रणनीतिहरू पनि पक्कै बदल्नु पर्छ कि ? वाणिज्य बैंकहरू मध्ये हामी ग्राहकहरूका लागि किन उत्कृष्ट छौं भन्ने योजनाका साथ पनि काम गरौं, किनभने त्यो अहिलेको आवश्यकता हो ।

फेरि पनि भने मैले निष्क्रिय कर्जा असुलीमा सक्रियतापूर्वक काम गरौं । एउटा कुरा नछुटाई भन्न चाहन्छु । कर्जा असुली भएन होइन कर्जा लगानी कहाँ गर्नु भयो भन्ने प्रश्न महत्वपूर्ण हो । कर्जा लगानी गर्न समस्या हो । लगानी गर्ने बेलामा १०० चोटी होइन १००० चोटी सोच्नुस् तर त्यो सोचाइ सहित लिएको तँपाईहरूको निर्णयले कर्जा असुली पक्कै हुनेछ । लगानीमा समस्या हो उठाउनमा भन्दा । शेयरधनीहरूलाई

नियमित लाभांश दिने हैसियत चाँही पक्कै बनाउनुहोस् । भविष्यमा यसको स्तर अझै खस्किदै नजाओस् भन्ने तर्फ सचेत हुन आग्रह गरे र व्याख्या नगरी भन्छु राष्ट्र बैंकको नियम पूर्ण परिपालना गरौ, किनभने यहाँ बैंकरहरू आफैले बुझिहाल्नु हुन्छ । सहुलियतपूर्ण कर्जा जुन हामीले दिन्छौ त्यो लक्षित वर्गमा पुगोस् फेरि पनि जोड दिंए मैले । हाम्रो कागजमा रेकर्डमा देखिन्छ तर लक्षित वर्गमा जहाँ कर्जाको साच्चिकै आवश्यकता थियो दिन सकिन्थ्यो, तिनीहरूले तँपाईहरूका बैंकमा कागजपत्रै पुऱ्याउन नसकेकाले कर्जा पाउदैनन् तर जहाँ लगानी गर्नुहुन्छ, त्यहाँबाट कर्जा उठ्दैन र निष्क्रिय कर्जामा लगेर थुपार्नुहुन्छ अनि शेयरधनीहरू हात खाली बनाउन बाध्य हुन्छन् । जुन तँपाईहरूलाई पनि समस्या नै हो र हामीहरूलाई पनि त्यो घाटा नै हो । यति भन्दै यस बैंकको ३२ औं साधारण सभा भव्य रूपमा सफल होस् भन्ने शुभकामना पनि दिन चाहन्छु नमस्कार शुभ दिन ।

## ८.३ श्री चन्द्र नारायण श्रेष्ठ

धन्यवाद अध्यक्षज्यू हामी शेयरधनीहरू रोष्टम मै आएर सधै बोल्ने गरेको हो आज किन हो अलिकति मलाई दुःख लाग्यो । सायद हाम्रो बैंकमा पनि डिभिडेन्ड नपाएर दुःख लागेको छ । अध्यक्षज्यू को भनाई पनि प्रतिवेदनमा उल्लेख छ । बैंकको देशको आर्थिक वातावरण, राजनीतिक वातावरण, सामाजिक वातावारण देशको परिवेश अन्तराष्ट्रिय परिवेश आफ्नै आन्तरिक कारणहरू विभिन्न कारणहरू हुन सक्छन् । कहिले liquidity को धेरै समस्या हुने र कहिले टाइट हुने । NPL, NBA, NPA धेरै बढ्ने र कहिले ठिक साइजमा आउने । यही हिसाबमा अध्यक्षज्यू हाम्रो बैंकमा पनि धेरै उतारचढाव आइरहेको छ । सायद २ वर्ष भयो यस्तो भएको । धेरैले दुःख व्यक्त गर्नुभयो बैंकको समस्यामा मलाई पनि दुःख छ । हामी शेयरहोल्डरहरूलाई डिभिडेन्ड दियो भने हाम्रो घर व्यवहार चल्छ । अरू हाम्रो कुनै खेतीपाती व्यापार व्यवसाय छैन । डिभिडेन्डबाट हामी बाँच्नु पर्छ, व्यवहार चलाउनु पर्छ । वाणिज्य बैंकहरूमा रेभेन्यूको १० रूपैयामात्र कस्ट छ, ठीक छ, साइजमा छ । कुनै बैंकको ७ रूपैया छ हाम्रो ८, ९ रूपैया होला, सरकारी बैंकहरूको १२, १३ रूपैया १५ रूपैया सम्म छ । मैले लेखेर पनि ल्याएको छु । १४ वटा बैंकको अडिट रिपोर्टहरू मैले हेरिसकेको छु त्यसमा Total कर्मचारी खर्च १२० अर्ब भइसकेको छ । Last Year २० वटाको १६५ अर्ब थियो । ६ वटा बैंकको आउन बाँकी छ । यही same बैंकहरू चाँही Last Year १०५ अर्बमा थियो । यो वृद्धि चाँही २१ प्रतिशतको हो । हाम्रो हिमालयन बैंकको चाँही ३१ प्रतिशतले वृद्धि भयो एभरेजमा । कम्पनी ऐनले तोकेको अनुसार पुष मसान्तमा, समयमा नै साधारण सभा गर्नुभयो । धन्यवाद । शेयरधनीहरूलाई डिभिडेन्ड दिने/खुसी पार्ने तँपाईहरूको हातमा छ । आशा छ मानव पुँजीले क्यापिटल पुँजी भन्दा यो बैंकलाई उचाँइमा, अझै शिखरमा पहिलाको जस्तै पुऱ्याउनु हुनेछ । ३२ औं साधारण सभाको सफलताको कामना गर्दछु, बोल्न दिनु भएकोमा अध्यक्षज्यू

प्रति आभारी छु । संचालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू लगायत सबै सम्पूर्ण कर्मचारी वर्गहरूमा आभारी छु । FPO पहिला देखिनै निकाल्ने भन्नु भएको छ तर मार्केटको अवस्था यस्तो छ । यति भन्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

यसका साथै सभाका लागि निम्न उल्लेखित शेयरधनीहरूबाट लिखित रूपमा बुझाउनु भएका आफ्ना सल्लाहहरू तथा सुझावहरू निम्न लिखित छन् ।

**१. श्री निरूपमा गुप्ता**

- साधारण सभा पौष भन्दा अगाडि नै गर्न ध्यानाकर्षण गर्न चाहन्छु । शेयरधनीहरूलाई Double digit मा लाभांश दिनु होस् । CSR का केही रकम निर्धन/अशक्तहरूको शिक्षामा लगानी गर्न आग्रह गर्दछु । खर्चमा मितव्ययिता अपनाएर अगाडि बढ्न अनुरोध गर्दछु । साधारण सभाका सम्पूर्ण प्रस्तावहरूमा समर्थन छ ।

- आगामी वर्ष बैंकलाई प्रगतिपथ तर्फ डोऱ्याउन रणनीति अनि Investment Policy के कस्तो छ जानकारी दिन अनुरोध गर्दछु । अन्त्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**२. श्री सुदीप श्रेष्ठ**

- शेयरधनीहरूले लगानी वर्षेनी dividend दिइयोस् भन्ने हेतुले Invest गरेका हुन्छन् । तर ३ दशक भन्दा बढीको experienced, goodwill पनि gain गरेको बैंकले Civil Bank संग merger पछि dividend दिन सकेन ।

- आ.व ०७९/०८०को तुलनामा आ.व ०८०/०८१ मा निक्षेप ६.८९ प्रतिशत र कर्जा १.७९ प्रतिशत वृद्धि भएको छ तर अझै पनि Net Profit २०.७६ प्रतिशतले negative figure मा प्रस्तुत गर्नु परेको छ ।

- विगतमा बैंकले शेयरधनीहरूलाई handsome dividend दिदै आएको समयलाई विर्सिनु हुदैन र सोही समयको पर्खाइमा हामी शेयरधनी व्यग्रताले कुरिरहेका छौ । बैंकका संचालकज्यूहरू र व्यवस्थापन समूहले बैंकको total loss लाई व्यवस्थापन गरी फेरि Profit मा लैजानेमा आशा गरेका छौ । NPA ४.९८ प्रतिशत रहेकोले त्यसलाई घटाउन अनुरोध गर्दछु । Loan recovery मा विशेष ध्यान दिनुहुन अनुरोध छ ।

- बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**३. श्री दिवाकर खड्का**

- वाणिज्य बैंकहरूमा मर्जर पछि सिनर्जी आई राम्रो लाभांश पाउँछन् भन्ने आशा निराशामा परिणत हुदै गएको छ । विगत २ वर्ष देखि कुनै पनि लाभांश नदिएको अवस्था छ ।

- Net Interest Income बाहेक अन्य श्रोत बाट पनि आम्दानी बढाउनु पर्ने देखिन्छ ।

- शेयरमा गरेको लगानीबाट उल्लेख्य नाफा लिन नसकेको देखिन्छ ।
- ३० करोड भन्दा बढी वक्यौता लाभांश वितरण गर्न नसकेको देखिन्छ ।

**४. श्री उत्सव सुन्दर श्रेष्ठ**

- शेयरधनीहरूको आशा भनेको लाभांश हो तर बैंकले हात खाली पारेको छ । आगामी साधारण सभामा कम्तीमा १०% लाभांश प्रदान गरिदिनु होला ।
- हाजिर पुस्तिका ९ बजे देखि १२ बजे सम्म मात्र खुल्ला रहने सूचनाले शेयरधनीहरूलाई न्याय नभएको हुनाले आगामी दिनमा ध्यान राख्नु हुन अनुरोध गर्दछु ।
- FPO ले गर्दा हामी शेयरधनीहरूलाई अन्याय हुने हुँदा म यस FPO को घोर विरोध गर्दछु ।
- CSR मा Clean Himal Campaign २०२४ अन्तर्गत नेपाली सेनालाई खर्च दिइएको देखियो तर यसलाई CSR को काम भनिंदैन । आगामी दिनमा सुस्त अपाङ्ग तथा गरिब दुःखीहरूमा मात्रै खर्च गर्नुहुन अनुरोध गर्दछु ।
- जथाभावी Loan दिएर उठाउन नसक्दा अपलेखन गर्ने गरेकोले कृपया शेयरधनीहरूको लगानीलाई ध्यानमा राखी अपलेखन नगर्नु हुन अनुरोध गर्दछु ।
- संचालकहरूको र व्यवस्थापन समितिहरूको खर्च धेरै भएकोले जब सम्म शेयरधनीहरूलाई प्रतिफल दिन सकिदैन यो खर्चहरू पनि कम गर्नु पर्‍यो ।

**५. श्री उत्तम दत्त पाण्डे**

- सामान्य र विशेष प्रस्तावहरूमा मेरो समर्थन रहेको छ ।
- बैंकको नोक्सान रू. ७ अर्ब ४४ करोड १५ लाख रहेकोले विशेष कार्य समिति बनाई कर्जा असुल गर्न ठोस कदम चाल्न अनुरोध गर्दछु ।
- बैंकको भावी योजना सबै राम्रो रहेको छ ।

**६. श्री व्यास कुमार शर्मा**

- वित्तीय संस्थाहरूको लागि समय असहज र चुनौतीपूर्ण रहेको छ । विभिन्न नीति नियमका कारण मुनाफा खुम्चेको मात्र नभई नकारात्मक समेत हुन पुगेको छ ।
- समिक्षा अवधिमा excess liquidity, loan को demand घट्नु तथा margin र base rate समेत घटाउनु परेको, राज्यले ठेकेदारहरूलाई भुक्तानी दिनु पर्ने रकमहरू भुक्तानी दिन नसकेको जस्ता अस्वभाविक कारणहरूबाट कर्जा असुली चुनौतीपूर्ण रहेको, खराब कर्जाहरू बढी NPA बढ्न गई बैंकहरूले लगानीकर्तालाई प्रतिफल दिन नसकेको मात्र नभइ घाटा व्यहोरेको देखिन्छ ।

- यस बैंकले समेत यस्तो विषम परिस्थितिको सामना गर्नु परेको छ । आगामी वर्षहरू समेत थप चुनौतीपूर्ण रहेको र उक्त चुनौतीहरूलाई सामना गर्न सफलता मिलोस भन्ने शुभकामना दिन चाहन्छु ।

**७. श्री जगन्नाथ आचार्य**

- ०८०/०८१ मा लाभांश दिन नसकेकोमा दुःख व्यक्त गर्दछु । मर्जरमा गएका बैंकहरूले स्वाप रेसियोबाट फरक भएको रकमलाई Reserve मा राखेका थिए, तिनीहरूले अदालतको फैसला पछि capital gain को रूपमा ठूलो कर रकम reserve बाट भुक्तानी नगरी retain earning बाट गरेकोले समस्या भई नाफामा ह्रास आयो । त्यसकारण बैंकहरूले लाभांश घोषणा गर्न पाएनन् ।

- मित्र राष्ट्र भारतमा NPL १२%-१३% पुग्दा समेत लाभांशमा रोक लाग्दैन । यहाँ कुनै महिनामा ५% NPL नाघ्यो भने पनि लाभांशमा रोक लाग्छ । यस्तो खालको विभेदकारी नीति प्रति राष्ट्र बैंक समक्ष बैंकर एसोसिएसन डटेर लाग्नु पर्छ ।

- NPL बढ्दै गएकोले recovery मा जोड दिन पर्ने हुन्छ । Recovery, Recovery, Recovery लाई मुल मन्त्र बनाउनु ।

- FPO जारी गर्ने प्रस्तावमा समर्थन गर्दछु र नयाँ स्वतन्त्र संचालकलाई स्वागत गर्दछु ।

- CSR अन्तर्गत काठमाडौ उपत्यका भित्रका व्यस्त शहरहरूमा पायक पर्ने स्थानमा निःशुल्क शौचालयको निर्माण गर्न सम्बन्धित पालिकाहरू संग समन्वय राखी कार्य अगाडि बढाउन सकेमा बाटोमा हिड्ने बटुवा, स्वदेशी तथा विदेशी पर्यटकहरूको उद्दार हुने थियो ।

- संस्थागत सुशासन हुनु पर्छ । संस्था प्रति इमान्दार र पारदर्शी हुनै पर्छ । कर्मचारी घरका खम्बा समान हुन । उनीहरूको मनोबल गिराउने काम गर्नुहुन्न । समय सापेक्ष तालिम/प्रशिक्षणको प्रबन्ध मिलाउनु पर्दछ । आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा अवलम्बन गरी राम्रालाई पुरस्कृत गर्नुपर्छ । नराम्रो गर्नेलाई दण्डित गर्न पछि पर्नु हुँदैन । यस्तो भएन भने राम्रा कर्मचारी अर्कैमा र नराम्रा मात्र आफ्नोमा रहन्छ । अनि प्रगति हुँदैन । विद्युतीय उपकरणहरूबाट काम गर्दा दिमाग एकोहोरो, शरीर अस्वस्थ्य हुन सक्ने भएकोले कार्य कक्षमा समय तालिका मिलाएर योग र ध्यानको व्यवस्था मिलाउन सकेमा कर्मचारीमा कार्यकुशलता बढी संस्थाको प्रगति हुनेछ ।

- हाल लगानीको लागि नयाँ कर्जाको माग नभएकोले, विद्युतको माग स्वदेश तथा विदेशमा पनि भएकोले यस्तो अवसरलाई cash गरी विद्युतका आयोजनामा लगानी गरी राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ । आज ८ खर्ब रूपैया वित्तीय संस्थामा थुप्रिन गएको अवस्थामा विद्युतमा लगानी गर्न सके प्रशस्तै आम्दानी गर्नुको साथै मुलुक Hydro Hub को रूपमा विश्वले चिन्नेछ । Land locked country को सट्टा land link country को रूपमा चर्चित हुनेछौ ।

- हिजोको जस्तो भविष्यमा पनि कोभिड/डेङ्गु जस्ता महामारी, प्राकृतिक प्रकोप, विभिन्न मुलुक बीच युद्ध हुन सक्छ, आर्थिक अपराधीहरूले सहकारीको नामबाट आन्दोलन गर्न सक्छन् । तसर्थ यी सबै घटनाहरूको समिक्षा गर्दै भविष्यमा आफू र आफ्नो संस्था कसरी जोगाउने हो, सो सम्बन्धमा पनि ढिलो नगरी आवश्यक रणनीति तर्जुमा गर्नु हुन अनुरोध छ । आउँदा दिनहरूमा पनि यस्ता विविध कारणहरू देखाएर उम्कने छुट कसैले पाउने छैन ।

- अन्त्यमा आगामी आ.व. मा बैंकले २ digits को लाभांश प्रस्ताव गरेर हामी शेयरधनीहरूको कुँडिएको मनमा मलम लगाउन वर्तमान संचालक समितिलाई सफलता मिलोस् भन्दै साधारण सभा सभ्य र भव्य रूपमा सम्पन्न होस् भन्ने कामना गर्दछु ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश :

सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरू तथा श्री निरूपमा गुप्ता, श्री सुदीप श्रेष्ठ, श्री दिवाकर खड्का, श्री उत्सव सुन्दर श्रेष्ठ, श्री उत्तम दत्त पाण्डे, श्री व्यास कुमार शर्मा, श्री जगन्नाथ आचार्यज्यूहरूले लिखितरूपमा बुझाउनु भएका आफ्ना सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो र उहाँहरूद्वारा औल्याइएका कमी कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजाने तथा उहाँहरूले दिनुभएका अमूल्य सुझावहरूको क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो ।

- यस क्रममा उहाँले श्री अङ्ग राज भारतीजीले आफ्नो नाममा पठाउनु भएको पत्र प्राप्त गरेको र उक्त पत्रको जवाफ बैंकले यथा समयमा पठाउने जानकारी गराउनु भयो । त्यसै क्रममा उहाँले भारतीजीले उठाउनु भएको प्रश्नहरूको छोटकरीमा उत्तर दिँदै Priority Sector मा प्रदान गरिएको कर्जा लगानी सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अधीनमा रही लगानी गर्दै आएको छ । यस सम्बन्धी सम्पूर्ण विवरण नेपाल राष्ट्र बैंकलाई निश्चित अवधिमा र त्यस बाहेक मागेको बखत बुझाउने गरेको छ । नेपाल राष्ट्र बैंक स्वयंले पनि उक्त विवरणहरूको स्थलगत तथा गैरस्थलगत परिक्षण गर्ने गर्दछ । यसका साथै बैंकका आन्तरिक लेखा परिक्षण र बाह्य लेखापरिक्षणको बेलामा समेत उक्त लगानीको सुक्ष्म परिक्षण हुने गर्दछ । त्यसैले बैंकले यो क्षेत्रमा मात्र नभई अन्य क्षेत्रमा गरेको लगानीमा समेत कुनै शंका उपशंका गर्नुपर्ने अवस्था नरहेको जानकारी गराउन चाहन्छु । यस क्षेत्रमा भएको लगानीको नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार विभिन्न किसिमको विवरण तयार गर्ने गर्दछ र हरेक विवरणको आफ्नै उद्देश्य हुन्छ । यसरी भिन्न भिन्न प्रयोजनका लागि तयार गरिएको तथ्याङ्कलाई एक आपसमा भिडाउनको लागि re-mapping जस्ता केही संयोजन गर्नुपर्ने हुन्छ । त्यस्ता भिडानले द्विविधा तथा mismatches हुन सक्ने जानकारी गराउन चाहन्छु ।

- वितरण योग्य मुनाफाका सम्बन्धमा समिक्षा अवधिमा देशमा विद्यमान आर्थिक मन्दीका कारण ऋण असुलीमा विभिन्न समस्या रहेको कारणले रू ५ अर्ब २६ करोड नोक्सानी व्यवस्था कायम गर्नु परेको तथा रू. १ अर्ब १२ करोड कर्जा तथा ब्याज अपलेखन गर्नु परेको छ । साथै कर्जामा उठ्न बाँकी ब्याज तथा गैर बैंकिङ्ग सम्पत्तिको लागि व्यवस्था गर्नु पर्दा यस वर्षको वितरण योग्य मुनाफा ऋणात्मक नै रहेको छ । संचालक समिति तथा बैंक व्यवस्थापन यस अवस्था प्रति एक दमै संवेदनशिल रहेको छ तथा यसमा सुधार गरी आगामी आ.वमा बैंकले आफ्ना शेयरधनीलाई थोरै मात्रामा भए पनि लाभांश वितरण गर्नका लागि हरसम्भव प्रयत्न गरिरहेको जानकारी गराउन चाहन्छु ।
- Corporate Social Responsibility सम्बन्धमा बैंक यस विषयमा सधै सजक रहदै आएको छ । यस अनुरूप विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न सामाजिक संस्था तथा कार्यहरूमा समय समयमा सहयोग गर्दै आएको छ र भविष्यमा पनि यो कार्य जारी नै राखिने छ । यस सम्बन्धमा आगामी दिनहरूमा शेयरधनी महानुभावहरूले औल्याउनु भएको क्षेत्र तथा सुझावहरूलाई समेत समेटिन प्रयास गरिने छ ।
- साथै लक्षित वर्गसम्म ऋण पुगोस् भन्नेमा पनि थप कार्य गर्ने कुरामा विश्वस्त गराउन चाहन्छु ।

**यसका साथै बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूले दिनु भएको थप प्रतिउत्तर निम्न अनुसार रहेको छ ।**

- बैंकको कर्जाको सुरक्षा र Non Performing Loan को बारेमा उठेको प्रश्नको जवाफ दिदै हालको आर्थिक अवस्थामा बैंकले आफ्नो Assets Quality को Close Monitoring गरिरहेको बताउनु भयो । अहिलेको प्राथमिकता र Focus नै साँवा र ब्याज उठाउनु रहेको बताउनु भयो । त्यसमा Progress भएको र चैत भित्र कतिसम्म recovery हुन्छ भन्ने कुरामा ध्यान केन्द्रित भएको बताउनु भयो । बैंकको Senior Management, Branch staff, Board of Director हरू सबै मिलेर Loan Recovery को एउटा committee बनाएको र कसरी कर्जा regularize गर्ने तथा कर्जा कसरी असुली गर्ने भन्ने काम भैरहेको बताउनु भयो ।
- अर्को हाम्रो NBA पनि बढेको र त्यसलाई कसरी बिक्रि गर्ने Auction गर्ने भन्नेमा ध्यान केन्द्रित रहेको बताउनु भयो । उहाँले बैंकले NBA auction को सहजताको लागि बैंकको website मा एउटा छुट्टै webpage को व्यवस्था गरेको र त्यसमा बिक्रिमा रहेको सम्पूर्ण धितोहरूको विवरण रहेको बताई शेयरधनीहरूलाई यस्तो सूचना आम जनमानसमा पुऱ्याई यथाशिघ्र बिक्रिका लागि बैंकलाई सहयोग गर्न आग्रह गर्नुभयो ।
- यस बाहेक उहाँले अध्यक्षज्यूले भन्नुभएको जस्तो यो आ.व भित्र recovery हेरेर एउटा सानो token लाभांश दिने लक्ष्य रहेको बताउनु भयो । उहाँले बैंकर्स एसोसिएसन र IMF संग कुरा गर्दा पनि बैंकहरूको समग्र Bad Loan बढिरहेको जस्तो देखिएको

बताउनुभयो । उहाँले गर्नुपर्ने जति आवश्यक provisioning गरिसकेको तर आउँदा दिनहरूमा अरू बैंकहरू सहित हाम्रो पनि अलिकति बढ्न सक्ने बताउनु भयो । त्यसै गरी construction सहित अरू sector हरूलाई दिइएका deferral हटेको जसको कारण बैंकहरूको NPA अलिकति बढ्ला कि जस्तो बताउनु भयो । त्यही भएर हाम्रो बैंकले पनि बैंकिङ्ग कारोबार र सेवाहरू बढाइरहेको, शाखाहरू बढेको, कार्ड विजनेस, remittance सबै राम्रो भएको बताउनु भयो । बैंकको IT upgrade पनि भइरहेको र २-३ महिना भित्र परिष्कृत मोबाइल बैकिङ्ग ल्याएर आफ्नो सेवालाई upgrade गर्न लागेको बताउनु भयो ।

तँपाईहरूको support र २ वर्ष देखि लाभांश नपाउँदा समेत समस्या बुझिदिएर बसिदिनु भयो त्यसको लागि धन्यवाद दिन चाहेको बताउनु भयो ।

## १०. निर्णयहरू :

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिए पछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम निम्न प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्दै ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध गर्नुभयो ।

### क) सामान्य प्रस्ताव

१) बत्तीसौँ वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्यूरिटज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) सर्वसम्मतिले पारित भयो ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम श्रीमती जेसमीन हाडा बज्राचार्यलाई बैंकको संचालक समितिको ४६२ औँ बैठकले मिति २०८१/०८/२७ गते देखि लागु हुने गरी ४(चार) वर्षको लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको निर्णय जानकारी गराई सो सर्वसम्मतिले पारित भयो ।

४) अध्यक्षज्यूले लेखा परीक्षण समितिद्वारा कम्पनी ऐन, २०६३ को दफा १११ तथा लेखा परिक्षण समितिको २९९ औ बैठकको सिफारिस अनुसार प्रस्ताव गर्नुभएको आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षण कार्यका लागि लेखापरीक्षक CA Ranjeev & Associates लाई बैंकको लेखा परीक्षकमा पुनः नियुक्त गर्ने र बैंकको लेखा परीक्षण, कर लेखा परिक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन

अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरेर कुल रू. ३० लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्तावमा ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ख) विशेष प्रस्ताव**

१) गतवर्ष मिति २०८० पौष २९ गते सम्पन्न भएको बैंकको ३१ औं वार्षिक साधारणसभाले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्कासन (Further Public Offering) गर्न, थप सार्वजनिक निष्कासन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरी जारी हुने शेयरको प्रिमियम सहितको मुल्य निर्धारण गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय भएकोमा मिति २०८१ आश्विन २० गते बसेको संचालक समितिको बैंठक नं. ४५९ बाट संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम गर्न शेयर प्रिमियम सहित जम्मा ९२,५०,४६९ कित्ता शेयर थप सार्वजनिक निष्कासन (FPO) गर्ने निर्णय भई सम्बन्धित नियामक निकाय नेपाल राष्ट्र बैंकमा मिति २०८१ साल आश्विन १५ गते निवेदन पेश भई आवश्यक अनुमति प्राप्तिको प्रक्रियामा रहेको तथा सो प्राप्त हुनासाथ धितोपत्र बोर्ड लगायतका अन्य नियामक निकायका स्वीकृति पश्चात् उपरोक्त थप सार्वजनिक निष्कासन हुने तथा सो पश्चात बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्तापूँजी कायम गर्न र थप सार्वजनिक निष्कासन भए पश्चात् बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थागत शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने, सो कार्यमा नियामक निकायले केही फेरबदल गरेमा सो समायोजन गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२) बैंकले आर्थिक वर्ष २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. १,३०,४०,५३५.१७ (अक्षरेपी एक करोड तीस लाख चालीस हजार पाँच सय पैंतीस रूपैया १७

पैसा मात्र) अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूचीमा उल्लेख भए बमोजिम) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरूबाट स्वीकृति लिँदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरूले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।**

## ११. धन्यवाद ज्ञापनः

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरू प्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन :

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले बत्तीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विपिन हाडा)
कम्पनी सचिव

(प्रचण्ड बहादुर श्रेष्ठ)
अध्यक्ष

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# बत्तीसौ वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा गरिने प्रस्तावित संशोधन मस्यौदा

